**गण्डकी प्रदेश सभा**

छैटौं अधिवेशन

बैठक संख्या - २४

सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

मिति: २०८१/०५/२६

- गण्डकी प्रदेश सभाको मिति २०८१ साल भदौ २६ गतेको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको २ बजेर १९ मिनेटमा प्रारम्भ भयो।
- बैठकको प्रारम्भमा आकस्मिक समयमा माननीय दोर्ण कुमार कुँवर, माननीय रेशम बहादुर जुग्गाली, माननीय भोजराज अर्यालले समसामयिक विषयमा आफ्नो भनाई राख्नुभयो ।
- तत्पश्चात माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन तथा कार्यविभाजन र विधेयक प्रमाणीकरण सम्बन्धी पत्र पढेर सुनाउनुभयो।
- तत्पश्चात शुन्य समय प्रारम्भ भयो।शुन्य समयमा माननीय कुसुम बुढा पुन, माननीय जित बहादुर शेरचन, माननीय दमयन्ती रुचाल, माननीय भक्त बहादुर कुँवर, माननीय भिम बहादुर कार्की, माननीय लिल बहादुर थापा मगर र माननीय हरि बहादुर भण्डारीले समसामयिक विषयमा आफ्नो भनाई राख्नुभयो ।
- तत्पश्चात विशेष समयमा माननीय विन्दु पौडेल, माननीय हरि बहादुर चुमान र माननीय खगराज अधिकारीले सभालाई सम्बोधन गर्नुभयो ।
- तत्पश्चात माननीय सदस्य श्री गोविन्द बहादुर नेपालीले "गण्डकी प्रदेश सभा नियमावली, २०८० संशोधन मस्यौदा समिति" गठन गरियोस् भनि माननीय सदस्यहरुको नामावली सहित प्रस्ताव पेस गर्नुभयो र उक्त प्रस्तावको माननीय सदस्य श्री डिल्लीराम सुबेदी र माननीय सदस्य श्री सुशिला सिंखडाले समर्थन गर्नुभयो ।उक्त प्रस्तावलाई माननीय सभामुखले निर्णायार्थ सभामा पेस गर्नुभयो र प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।
- तत्पश्चात माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री श्री पदमा जि.सी. श्रेष्ठले "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा प्राप्त संशोधन प्रस्तावहरु सहित दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गर्नुभयो र उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।
- तत्पश्चात माननीय भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री श्री प्रकाश बहादुर के.सी.ले "गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा प्राप्त संशोधन प्रस्तावहरु सहित दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गर्नुभयो र उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।
- तत्पश्चात माननीय उद्योग तथा पर्यटन मन्त्री श्री मित्रलाल वस्यालले "गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" सभा समक्ष प्रस्तुत गर्नुभयो ।
- तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले "केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक" सभा समक्ष प्रस्तुत गर्नुभयो ।
- तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले महालेखा परिक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ सभा समक्ष प्रस्तुत गर्नुभयो र माननीय सभामुखले उक्त प्रस्तावलाई छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनि प्रस्ताव गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।
- तदुपरान्त सभाको अर्को बैठक मिति २०८१ असोज २ गते दिनको १ बजे बस्नेगरी ३ बजेर ५५ मिनेटमा स्थगित भयो ।

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव